**मध्यपश्चिम विश्वविद्यालय**

# परीक्षा व्यवस्थापन कार्यालय

**सुर्खेत, नेपाल**

**सत्रान्त परीक्षा - २०८२**

**बी.एड./तेस्रो सेमेस्टर**

विषय: **आधुनिक नेपाली निबन्ध र समालोचना** (नेपा.शि. ४३५/३३६)

सिम्बोल नं. ..........................

**समूह 'क'** **१०x१= १०**

**सर्वोत्कृष्ट उत्तरमा रेजा (✓) चिन्ह लगाउनुहोस् ।**

१. "आत्माको अभिव्यक्ति गर्ने प्रयत्न नै निबन्ध हो र म नै मेरो निबन्धको विषय हुँ" भनेर परिभाषित गर्ने विद्वान को हुन् ?

(क) बालकृष्ण पोखरेल (ख) लक्ष्मीप्रसाद देवकोटा
(ग) मोन्तेन (घ) बेकन

२. आधुनिक नेपाली निबन्धको सुरुवात कुन कृतिबाट भएको हो ?

(क) तीस रुपयाँको नोट (ख आषाढको पन्ध
(ग) एब्स्ट्र्याक चिन्तन प्याज (घ) वर्दाहामा सिकार

३. निवन्धको प्रमुख तत्त्व कुन हो ?

(क) उद्देश्य (ख शैली
(ग) विषयवस्तु (घ) परिवेश

४. नेपाली निबन्धको तेस्रो चरणको प्रवृत्ति कुन हो ?

(क) परिस्कारवादी लेखनको सुरुवात (ख) वस्तुपरक लेखनको सुरुवात
(ग) आत्मपरक शैलीको सुरुवात (घ) प्रयोगवादी प्रवृत्तिको सुरुवात

५. कुन दृष्टिविन्दुको प्रयोग गरेर नियात्रा लेखिन्छ ?

(क) तृतीय (ख) प्रथम
(ग) द्वितीय (घ) माथिका सबै

६. 'चम्चा चिन्तन' निबन्धले उठान गरेको प्रमुख विषय कुन हो ?

(क) अतृप्त मनोविज्ञान (ख) चाकडी मानसिकता
(ग) भाग्यवादी विचार (घ) कर्महीन मनोविज्ञान

७. भैरव अर्यालको प्रमुख निबन्धगत प्रवृत्ति कुन हो ?

(क) वस्तुगतता (ख) नियात्रामूलकता
(ग) यथार्थवादिता (घ) हास्यव्यङ्ग्यात्मकता

८. 'शिक्षा' निबन्धले कस्तो शिक्षाको अपेक्षा गरेको छ ?

(क) जीवनोपयोगी शिक्षा (ख) अनिवार्य शिक्षा
(ग) ओजिलो शिक्षा (घ) अङ्ग्रेजी माध्यमको शिक्षा

९. समालोचनाको क्षेत्रमा तारानाथ शर्माको पहिचान कुन हो ?

(क) स्वतन्त्र प्रकृतिका समालोचक (ख) सैद्धान्तिक समालोचक
(ग) प्रयोगात्मक समालोचक (घ) व्याख्यात्मक समालोचक

१०. आधुनिक नेपाली समालोचनाको सूत्रपात गर्ने प्रथम कृति कुन हो ?

(क) कवि भानुभक्तको जीवन चरित्र (ख) पुराना कवि र कविता
(ग) टाक्सिएको नेपाली कविता (घ) अङ्ग्रेजी साहित्यको प्रभाव

**मध्यपश्चिम विश्वविद्यालय**

# परीक्षा व्यवस्थापन कार्यालय

**सुर्खेत, नेपाल**

**सत्रान्त परीक्षा - २०८२**

**बी.एड./तेस्रो सेमेस्टर** — **पूर्णाङ्क: ६०**

**समय: ३ घण्टा** — **उत्तीर्णाङ्क: ३०**

विषय: **आधुनिक नेपाली निबन्ध र समालोचना** (नेपा.शि. ४३५/३३६)

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्नेछ।*

**समूह 'ख'** — **६x५= ३०**

**तल दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस्।**

१. निबन्धको सैद्धान्तिक परिचय दिई यसका तत्त्वहरू उल्लेख गर्नुहोस्।

२. नियात्राकार देवीचन्द्र श्रेष्ठले 'इतिहासको पदचाप' नियात्रामा नेपालका कुन कुन पक्षलाई प्रस्तुत गरेका छन्? उदाहरणसहित प्रष्ट पार्नुहोस्।

३. 'गौतम वुद्धको चिठी अशोकको नाममा' निबन्धमा प्रस्तुत शान्ति र सहसम्बन्धका विभिन्न आयामहरूलाई कसरी केलाइएको छ? प्रष्ट पार्नुहोस्।

**अथवा**

'शिक्षा' निवन्ध नेपालको शिक्षा पद्धतिको मार्गदर्शक वैचारिक रचना हो। यस कथनको आशय खुलाउनुहोस्।

४. आधुनिक नेपाली समालोचनाका मूलभूत प्रवृत्तिहरू उल्लेख गर्नुहोस्।

५. 'पेन्डुलम एस्सिलेसन पेन्डुलम' निबन्धमा प्रस्तुत सन्देशलाई प्रस्ट्याउनुहोस्।

६. समालोचक तारानाथ शर्माका समालोचनात्मक प्रवृत्तिहरूको समीक्षा गर्नुहोस्।

**अथवा**

ईश्वर बरालको नेपाली समालोचनामा रहेको योगदानको समीक्षा गर्नुहोस्।

**समूह 'ग'** — **२x१०= २०**

**तल दिइएका प्रश्नहरूको लामो उत्तर दिनुहोस्।**

७. नरनाथ लुइटेलका निबन्धगत प्रवृत्तिहरूको उल्लेख गर्दै 'चम्चा चिन्तन' निबन्धले वर्तमानका व्यक्तिलाई कसरी व्यङ्ग्य प्रहार गरेको छ? उदाहरणसहित प्रष्ट पार्नुहोस्।

८. नेपाली निबन्धको विकासप्रक्रियाका प्रमुख मोड र तिनका प्रवृत्तिहरूको वर्णन गर्नुहोस्।

**अथवा**

आधुनिक नेपाली समालोचनाको उत्तरवर्ती चरणका मुख्य उपलब्धिहरूको चर्चा गर्नुहोस्।

**समाप्त**